परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक ४७ •२०८० वैशाख ३१ गते आइतबार •(14 May-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## खेलकुद विकासमा स्थानीयतहको प्रतिबद्धता अपरिहार्य

■ टक नेपाल

महोत्तरी । खेलकुद युवा गतिविधि बढाउने भरपर्दो क्षेत्र भएको हुँदा यसको विकासमा स्थानीयतहदेखि नै पहल हुनपर्ने आवश्यकता औंल्याइएको छ । आज शनिबार नेपाल सितोरियो कराते सङ्घ महोत्तरीको कार्यालय उद्धाटनका अवसरमा सहभागीले यस्ता औंल्याएका हुन् । सङ्घको कार्यालय महोत्तरीको बर्दिबास-१ मा आज सञ्चालनमा आएको हो । खेल मुख्यत युवा सहभागी हुने क्षेत्र रहेको हुँदा यसक्षेत्रको विकासले सङ्गठित, अनुशासित र सुस्वस्थ्य समूह निर्माणमा सहयोग पुग्ने सहभागीहरुको भनाइ छ। समाजमा किशोर र युवा जमात नै लागुपदार्थ दुर्व्यशनजस्ता कुलतमा लागेका देखिने गरेको र




यसको नियन्त्रणमा खेलकुद क्रियाकलाप सहयोगी हुने नेपाल कराते महासङ्घका केन्द्रीय सहअध्यक्ष दावा गुरुङ्ले बताउनुभयो । महासङ्घका केन्द्रीय सदस्य रामसिंह ठकुरी, मधेश प्रदेश अध्यक्ष रामचन्द्र ठाकुर, जिल्ला खेलकुद विकास समिति महोत्तरीका अध्यक्ष सुवासचन्द्रलाल कणर्सहितको सहभागिताको कार्यक्रममा महोत्तरीमा कार्यालय सञ्चालनमा आएसँगै अब कराते खेलको संस्थागत विकास हुने विश्वास गरिएको छ । कार्यक्रममा बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षत्रीले नगरमा सबै विधाका खेलको समुचित विकासका लागि संस्थागत प्रयत्न अघि बढेको बताउनुभयो । “हामीले खेलजगतमा सकृय रहनुभएका हरुबाट नगर खेलकुद विकास समिति गठन गरेका छौं, समितिले छोटै अवधिमा खेलका विभिन्न विधाका प्रतिष्पर्धा आयोजन गरेका र गरिने क्रममा छन् ” नगर प्रमुख क्षत्रीले भन्नुभयो, बर्दिबासबाट खेललाई मधेश भरिमै चिनाउने गरी थप प्रयत्न अघि बढाइदैछन् ।” नेपाल सितोरियो कराते सङ्घ महोत्तरीका अध्यक्ष देव लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगर प्रमुख क्षत्री र महासङ्घका केन्द्रीय सहअध्यक्ष गुरुङले संयुक्त रुपमा कार्यालय उद्घाटन गर्नुभएको हो ।

## सामुदायिक विद्यालयको खस्कँदो साख चुनौती बन्यो : सभामुख मण्डल




■ टक नेपाल

जनकपुरधाम । मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले सामुदायिक विद्यालय, कलेज र अन्य शिक्षासम्बद्ध संस्थाको खस्कँदो साख अहिले मुख्य चुनौती बनेको बताउनुभएको छ । महोत्तरीको बर्दिबास-१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पसको चौथो क्याम्पस सभा (प्राज्ञसभा)को उद्धाटन गर्दै उहाँले सामुदायिक शैक्षिक संस्थाको गिर्दो अविश्वासलाई विश्वासमा परिणत गर्नु मुख्य चुनौती भएको बताउनुभयो । सामुदायिक विद्यालय र कलेजमा राज्य र समुदायको ठूलो लगानी भए पनि जनताको पङ्क्तिमा विश्वास क्रमशः घट्दै गएको उहाँको भनाइ छ । “बस्ती-बस्तीमा स्थापित विद्यालयमा मनकारी दाताले ठूलो लगानी गर्नुभएको छ, राज्यको पनि ठूलो धनराशि शिक्षामा गइरहेको छ”, मण्डलले भन्नुभयो, “तर परिणाम सकारात्मक छैन ।” हाम्रो शिक्षा प्रणाली नै परिमार्जनको अवस्थामा रहेको उहाँले औंल्याउनुभयो। “हेर्नोस् न, भवनदेखि अन्य भौतिक पूर्वाधारका दृष्टिले हाम्रा कलेज ठिकै देखिन्छन्, तर विद्यार्थी निजी विद्यालय र कलेजमा पुग्छन्”, मण्डलले भन्नुभयो, “अब तीनै तहका सरकार र सम्बद्ध शिक्षा क्षेत्रले यसको जवाफ (समाधान) खोज्नुपर्दछ ।” आमरूपमा सामुदायिक शिक्षालयको साख गिरिरहेका बेला बर्दिबास जनता बहुमुखी क्याम्पसले पाएको सफलता भने सिङ्गो मधेसकै लागि अनुकरणीय बनेको मण्डलले उल्लेख गर्नुभयो । कार्यक्रममा क्याम्पस प्रमुख तोपबहादुर ठकुरीले हाल कलेजमा एक हजार एक सय ३९ छात्रछात्रा अध्ययनरत रहेका र यिनमा छात्राको सङ्ख्या ५० प्रतिशतमाथि रहेको जानकारी दिनुभयो ।

-बाँकी पृष्ठ २ मा

## सङ्घीय निजामती सेवा ऐन सार्वजनिक आग्रह

■ टक नेपाल

काठमाडौं । नेपाल निजामती कर्मचारी सङ्गठनले अबिलम्ब सङ्घीय निजामती सेवा ऐन सार्वजनिक गर्न आग्रह गरेको छ । कर्णाली प्रदेशस्तरीय भेलाको आयोजना गरी सङ्गठनले कर्मचारीहरूको हकहितका लागि यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन सार्वजनिक गर्न सरकारलाई आग्रह गरेको हो । भेलामा नेपाल निजामती कर्मचारी सङ्गठनका केन्द्रीय उपाध्यक्ष प्रभाष साहले आम कर्मचारी हरूको पेसागत हकहित र संरक्षण गर्न ऐन अपरिहार्य रहेकाले सरकारले जतिसक्दो छिटो सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो । “लामो समयदेखि कर्मचारीको हकहितमा आवाज उठाउने ट्रेड युनियनलाई कमजोर बनाएर कर्मचारीहरूको मनोबल




गिराउने काम भइरहेको छ”, उहाँले भन्नुभयो, “अन्य कर्मचारी सङ्घसङ्गठन सत्ताको पिछलग्गु भएर पछि हटे पनि निजामती कर्मचारी सङ्गठन दबाबमूलक कार्यलाई अगाडि बढाउँछ । आन्दोलनलाई कमजोर बनाउन खोजिए सशक्त कदम चाल्छौं ।” उपाध्यक्ष साहले कर्मचारी र नागरिकमैत्री ऐन जारी गर्नमा सरकारलाई खुड्डा नकमाउन आग्रह गर्नुभयो । सङ्गठनका केन्द्रीय सदस्य एवं सुर्खेत जिल्ला इन्चार्ज सुरेन्द्र शाहीले तीनै तहमा कार्यरत सबै कर्मचारीलाई निजामती सेवाको परिभाषामा समावेश गरेर तहगत प्रणाली लागू गर्नुपर्ने सुझाव सरकारलाई दिनुभयो । उहाँका अनुसार सरकारले ट्रेड युनियनको नीति लिई वृत्तिविकास छिटो हुने व्यवस्थाको सुनिश्चितता गर्नुपर्छ । केन्द्रीय सदस्य शाहीले भन्नुभयो, “अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई मापदण्डका आधारमा सेवा सुरक्षाको सुनिश्चितता गर्नुपर्छ । शीघ्र सेवा र तीव्र विकासको जनआकाङ्क्षा पूरा गर्न क्षतिपूर्तिसहितको नागरिक सेवा प्रवाह गर्नुपर्ने माग रहेको उहाँको भनाइ थियो । सङ्गठनका कर्णाली प्रदेश अध्यक्ष टङ्कप्रकाश लामिछानेले तीन तहमा राष्ट्रिय र आधिकारिक ट्रेड युनियनको सुनिश्चितता गर्नुपर्ने तथा कर्मचारी हरूलाई निश्चित सङ्ख्या र आधार तोकेर सरुवा हुने व्यवस्था गरिनुपर्ने माग रहेको जनाउनुभयो । राजपत्र अनङ्कित वा सहायकस्तर बाट अधिकृतस्तरमा ५० प्रतिशत बढुवा र श्रेणीविहीनबाट माथिल्लो पदमा बढुवाको सुनिश्चितता गर्नुपर्नेमा अध्यक्ष लामिछानेको जोड थियो । सङ्गठनले सुशासन, कर्मचारी, ट्रेड युनियन र सेवाग्राहीमैत्री ऐनको मस्यौदा तत्काल सार्वजनिक गर्नुपर्ने भन्दै पहिलो चरणको आन्दोलन यही वैशाख १९ गतेदेखि सुरु गरिएको जनाएको छ । यथास्थितिमा ऐन जारी नभए थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने उक्त सङ्गठनले चेतावनी दिएको छ ।

## एमालेले हरेक वडामा तीन प्रतिशत सदस्यता विस्तार गर्ने




■ टक नेपाल

नेकपा (एमाले)ले वार्षिक कार्ययोजना तयार पारेको छ। तीन दिनसम्म सञ्चालन भएको केन्द्रीय कमिटी बैठकले पार्टीको सङ्गठन विस्तार र शुद्धीकरण कार्यअभियान सञ्चालन गर्नका लागि कार्ययोजना तयार पारेको हो । ललितपुरस्थित पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले आज बसेको स्थायी कमिटी बैठकले तयार पारेको वार्षिक कार्ययोजना केन्द्रीय कमिटी बैठकले अनुमोदन गरेको जानकारी दिनुभयो । मिसन ग्रासरुट अभियानको नौवटै प्रदेशको समीक्षा प्रतिवेदनको आधारमा वार्षिक कार्ययोजना तयार पारेको हो। वार्षिक योजनाअनुसार पार्टीले पार्टी सदस्यता शुद्धीकरण र विस्तारको कार्यक्रम सञ्चालन गर्ने सञ्चालन गर्ने भएको छ। मिसन ग्रासरुट अभियान सकिए पनि सदस्यता वितरण र नवीकरण अझ बाँकी रहेकाले सङ्गठन विस्तार र शुद्धीकरण अभियान सञ्चालन गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

-बाँकी पृष्ठ २ मा

## ....सम्पादकीय

### अर्थतन्त्रको आशा

देशको अर्थतन्त्र संकटतर्फ उन्मुख भएको कुरा बजारमा चर्चा भइरहे तापनि नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालू आर्थिक वर्षको मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामा भने देशको अर्थतन्त्रका आन्तरिक र बाह्य सूचकहरू सकारात्मक दिशातर्फ उन्मुख भएको संकेत गरिएको छ। सरकारले कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य रहेकोमा चैत मसान्तमा साढे नौ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति रहेको छ । विदेशी विनिमय सञ्चिति १७ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ । चालू खातामा सुधार भए पनि अझै घाटामा रहेको छ, तथापि शोधनान्तर बचत भएको छ । समीक्षा अवधिसम्म चालू खाता ५१ अर्ब ८२ करोडले घाटामा रहेको छ तर शोधनान्तर स्थिति १ खर्ब ८० अर्ब १७ करोडले बचतमा रहेको छ । गत आर्थिक वर्षको यसै अवधिमा चालू खाता ५ खर्ब १० अर्ब ५८ करोड र शोधनान्तर स्थिति २ खर्ब ६८ अर्ब २६ करोडले घाटामा रहेको थियो । त्यस्तै वैदेशिक व्यापारमा घाटा १७ दशमलव १ प्रतिशतले घटेको छ। पर्यटक आगमन बढेर भ्रमण आय ९४ दशमलव ३ प्रतिशतले बढेको छ। विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २४ दशमलव २ प्रतिशत र अमेरिकी डलरमा १३ दशमलव ९ प्रतिशतले बढेको छ। केन्द्रीय बैंकले सार्वजनिक गरेको तथ्यांकमा केही सूचकहरुले अर्थतन्त्र सुधारतर्फ गएको देखिए पनि चालू आर्थिक वर्ष आर्थिक वृद्धि दर कम रहने देखिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले चालू आर्थिक वर्षमा आर्थिक वृद्धि आधारभूत मूल्यमा २ दशमलव १६ प्रतिशत र उत्पादकको मूल्यमा १ दशमलव ८६ प्रतिशत रहने अनुमान गरेको छ। त्यस्तै यस अवधिमा संघीय सरकारको कुल खर्च १८ दशमलव ७ प्रतिशतले बढेको छ भने राजस्व परिचालन १३ दशमलव ३४ प्रतिशतले घट्दा सरकारको राजस्व घाटा २ खर्ब ५९ अर्ब १० करोड रहेको छ। सरकारले दायित्व भुक्तानी गर्न बाँकी रहेकाले यो तथ्यांक अझै बढ्न सक्ने अवस्था छ। सरकारको कुल खर्चमा चालू खर्चको अंश ७४ दशमलव ९ प्रतिशत रहेको छ । यस अवधिमा चालू र पुँजीगत शीर्षकतर्फ विनियोजित बजेटको क्रमशः ५९ दशमलव ७ प्रतिशत र २८ दशमलव २ प्रतिशत खर्च भइसकेको छ। चौथो त्रैमासिकमा यो खर्च अझै बढ्ने स्थिति छ। तर, चालू आर्थिक वर्षमा पनि विगतका वर्षहरुमा जस्तै सरकारको पुँजीगत खर्च वृद्धि हुने अवस्था देखिँदैन। अझ यस वर्ष अघिल्ला वर्षको तुलनामा झन् घट्ने अवस्था देखिएको छ। लामो समयसम्म निर्माण, उत्पादनमूलक उद्योग र थोक तथा खुद्रा व्यापार क्षेत्र प्रभावित भएका कारण आर्थिक वृद्धि लक्षितभन्दा न्यून छ। वार्षिक औसत मुद्रास्फीति प्रक्षेपितभन्दा उच्च रहने अनुमान छ । मौद्रिक तथा कर्जा विस्तारलाई मध्यनजर गर्दा माग पक्षभन्दा आपूर्ति पक्षबाट मूल्यमा चाप पर्न गएको स्थिति छ । बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको आकार बढ्न गएको छ । बैंकिङ क्षेत्र लक्षित गैरव्यावसायिक गतिविधिले निष्क्रिय कर्जा बढ्नुका साथै व्यावसायिक वातावरणमा समेत प्रतिकूल असर परेको छ ।


विज्ञापनको लागि सम्पर्क गर्नुहोस्

अनुराग कु. यादव

९८१४२३७४०८, ९८०७८२१०१४

९८६३२१०१४

टक नेपाल राष्ट्रिय दैनिक पत्रिका


# साहित्य क्षेत्रलाई अझै बृहत् बनाउनु आवश्यक छ : पूर्वप्रधानमन्त्री चन्द




**टक नेपाल**

काठमाडौं । पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले साहित्य क्षेत्रलाई टेवा पुग्ने गरी योगदान बढाउनु आवश्यक रहेको बताउनुभएको छ । काठमाडौंमा 'स्व चन्द्र बहादुर गुरुङ स्मृति तथा अध्ययन प्रतिष्ठान'ले आज आयोजना गरेको सम्मान तथा पुरस्कार वितरण समारोहमा उहाँले साहित्य क्षेत्रको अवस्था सोचे जस्तो नरहेको बताउनुभयो। "साहित्य बचाउने र बढाउने दायित्व हामी सबैको हो । आम सञ्चारले पनि यसलाई प्रवर्द्धन हुने गरी स्थान दिनुपर्छ", पूर्वप्रधानमन्त्री चन्दले भन्नुभयो, "बेलायतमा सरकारभन्दा पनि व्यवसायीले साहित्यलाई माथि उठाएका हुन् । तसर्थ म सङ्घसंस्था र व्यवसायीलाई पनि साहित्यमा योगदान दिन आग्रह गर्दछु ।" कार्यक्रममा परोपकारी कार्यमा सहभागिता देखाएवापत मानव सेवा आश्रम र नई प्रकाशनलाई सम्मानसँगै नगद रु एक लाख प्रदान गरिएको थियो। आश्रमका अध्यक्ष रामजी अधिकारी र प्रकाशनका कोषाध्यक्ष डा कञ्चनजङ्गा प्रसाईंलाई सम्मान गर्दै पूर्वप्रधानमन्त्री चन्दले सामाजिक गतिविधिमा सक्रियता बढाउन आग्रह गर्नुभयो । कार्यक्रममा उहाँले स्व गुरुङसँगको राजनीतिक यात्रा, सामिप्यता र सम्बन्धको विषयमा चर्चा गर्नुभयो । "उहाँ (गुरुङ) सङ्घर्षशील व्यक्तित्व हुनुहुन्थ्यो । संविधानसभा सदस्यको रूपमा आफ्नो विचार र सिद्धान्तका लागि उहाँले कहिले सम्झौता गर्नुभएन। हामीले छलफल र सहकार्य गरेर केही काम गरेका छौं", पूर्वप्रधानमन्त्री चन्दले भन्नुभयो । स्व गुरुङको नाममा प्रतिष्ठान स्थापना गरेर सामाजिक कार्य भइरहेकामा उहाँले खुसी व्यक्त गर्नुभयो। प्रतिष्ठानका अध्यक्ष एवम् पूर्वउपप्रधानमन्त्री कमल थापाले स्व गुरुङको राजनीतिक यात्रा र यो गदानका विषयमा चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, " राप्रपा नेपाललाई शून्यबाट चार र त्यसपछि पच्चीसको सङ्ख्या संसद्मा पुऱ्याएर तेस्रो शक्ति बनाउन उहाँको योगदान अतुलनीय छ । उहाँको त्याग र निष्ठाले त्यो लक्ष्य प्राप्त भएको थियो ।" स्व गुरुङसँग विद्यार्थी जीवनदेखि नै राजनीतिमा सहकार्य गर्दै निकट रहेर काम गरेको र अन्तिम समयसम्म सँगै काम गरेका सम्झना सङ्गहित रहेको उहाँले बताउनुभयो । "राजनीतिमा तत्काल प्राप्त हुने सुविधा र प्रतिष्ठालाई दृष्टिगत गर्दै हामी सिद्धान्त र आफूसँग सहकार्य गरे का मित्रबाट अलग भएर क्षणिक स्वार्थमा बग्छौं । यो अवस्थामा चन्द्रजीको निष्ठा र राजनीतिक जीवनबाट हामीले धेरै तथ्य सिक्नुपर्छ, बुझ्नुपर्छ । उहाँ निष्ठावान, इमान्दार र जुझारू व्यक्ति हुनुहुन्थ्यो", अध्यक्ष थापाले भन्नुभयो । आश्रमका अध्यक्ष अधिकारी ले आन्तरिक र सरकारको आंशिक सहयोगबाट संस्था चलिरहेको जानकारी गराउनुभयो। कार्यक्रममा स्व गुरुङकी श्रीमती मीनु गुरुङले प्रतिष्ठानलाई नगद रु एक लाख सहयोग गर्नुभयो । गुरुङको २०७२ असो जमा उपचारका क्रममा निधन भएको थियो । उहाँ संविधानसभा सदस्यसँगै र ाप्रपा नेपालका तत्कालीन महामन्त्री हुनुहुन्थ्यो ।

## किसानलाई अनुदानमा कृषि ..................

कृषि उत्पादनमा लागत घटाउँदै प्रतिफल धेरै लिन मद्दत पुगोस् भनेर नगरपालिकाले अनुदानमा कृषि उपकरण वितरण गरेको शाखा प्रमुख कुमालले बताउनुभयो । नगर पालिलकाले धान काट्ने मेसिन पाँच थान, दाना बनाउने मेसिन चार थान, छाटी काट्ने मेसिन २२ थान, पोखरीमा माछालाई अक्सिजन दिने मेसिन एरि एटर एक थान, हाते ट्र्याक्टर तीन थान, ड्याङ बनाउने मेसिन र पम्प दुई-दुई थान, मकै छोडाउने मेसिन एक थान, स्प्रेट्याङ्की १० थानलगायतका कृषि उपकरण र सामग्री वितरण गरिएको शाखा प्रमुख कुमालले बताउनुभयो । "हामीले मुख्यगरी परम्परागतरूपमा गरिएको कृषिलाई विस्थापन गरी कृषि उपकरणको सहयोगले कम लागतमा धेरै प्रतिफल किसानले लिन सकुन् भनेर कृषि उपकरण वितरण गरेका हौ ँ", शाखा प्रमुख कुमालले भन्नुभयो, "अहिले किसानको उत्पादन लागत धेरै हुँदा बजारीकरणमा समस्या पर्ने, साथै कम प्रतिफल प्राप्त गर्न अवस्था छ।" कावासोती नगरपालिकाभित्र विभिन्न कृषि बालीका पकेट कार्यक्रम सञ्चालन गरी अनुदानहरू वार्षिकरूपमा प्रदान गर्दै आएको शाखा प्रमुख कुमालले बताउनुभयो । कावासोती नगर पालिकाभित्र रहेका १७ वटा वडामा फरक-फरक बालीको सम्भावना रहे काले सोहीअनुसार पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गरी कार्यहरू गर्ने गरिएको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षको विनियोजित बजेटमार्फत नगरपालिकाको ७५ प्रतिशत अनुदानमा र किसानको २५ प्रतिशत लागत सहभागितमा कृषि उपकरण तथा सामग्री वितरण गरिएको हो। कुल रु १७ लाख ९८ हजार आठ सय मूल्य बराबरको कृषि उपकरण खरिद गरी किसानलाई वितरण गरिएको हो।

## कवि देवव्रतको 'अश्वत्थामाको निधारबाट बागमती बग्छ' सार्वजनिक




**टक नेपाल**

काठमाडौं । कवि देवव्रतको कवितासङ्ग्रह 'अश्वत्थामाको निधारबाट बागमती बग्छ' शनिबार सार्वजनिक भएको छ । काठमाडौंको सर्वनाम थिएटर मा कवि श्रवण मुकारुङ, निवन्धकार दीपक सापकोटा र लेखक वन्दना ढकालले सङ्ग्रहको विमोचन गर्नुभयो। कार्यक्रममा कवि मुकारुङले देवव्रतको कवितामा लयविधान भएको बताउनुभयो । "पछिल्लो पुस्तामा नयाँ शैली लेख्ने कविहरू छन् । त्यसमध्ये देवव्रत पुगेका छन् । यो सङ्ग्रहमा मैले असाध्यै इन्जोय गरेका कविता छन् । कतिपय कविता पढ्दा इर्ष्या पनि लाग्यो", उहाँले भन्नुभयो, "उनका प्रत्येक कविता पढ्दा सङ्गीत गुन्गुनाएजस्तो छ ।" निवन्धकार सापकोटाले देवव्रतका कविता आज र भोलिजस्तै बिलाइजाने पानीको थोपाजस्ता नभएको बताउनुभयो । "देवव्रतका कवितामा उसको उपस्थिति टाढाबाट देखिने गुलमोहरजस्तो छ", सापकोटाले भन्नुभयो । देवव्रतका कवितामा हजारौं वर्षदेखिको पुरानो घाउ, मधेसका दलित र कर्णालीका आम मान्छेका जीवन समेटिएको बताउनुभयो । कार्यक्रममा देवव्रतका शीर्ष कविता वाचन गर्नुभयो । सङ्ग्रहलाई इन्डिगो इन्कले प्रकाशन गरेको हो ।

## सामुदायिक विद्यालयको.........

नगरपालिका भनिए पनि ग्रामीण परिवेशका बस्तीबाट टाढा पढ्न जान नपाएका छोरी/बुहारीका लागि अहिले आफ्नो कलेज उच्च शिक्षाको गन्तव्य बनेको ठकुरीको भनाइ छ। विसं २०६४ मा त्रिभुवन विश्व विद्यालयबाट शिक्षाशास्त्र र वाणिज्यशास्त्र (बिबिएस)को स्नातक तह अध्यापनको स्वीकृति पाएको यो क्याम्पसमा २०७५ देखि शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तहको अध्ययन/अध्यापन हुँदै आएको छ । क्याम्पसका दुईवटा तीनतले भवनमा ३२ कोठा सञ्चालनमा छन् । कलेजको स्थायी आम्दानी विद्यार्थीबाट लिइने शुल्कमात्र भएको अवस्थालाई अब अन्य विकल्प खोज्ने बनाउन अपरिहार्य भएको कार्यक्रममा वक्ताहरूले औंल्याएका छन् । समारोहमा राष्ट्रियसभाका पूर्वउपाध्यक्ष शशिकला दाहाल, मधेस प्रदेशसभाका सदस्य भरतप्रसाद साह र शारदादेवी थापा, बर्दिबास नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीसहितका वक्ताले क्याम्पसको शैक्षिकस्तर अझ खार्न र गुणस्तरीय शिक्षा प्रवाहका कार्यक्रममा आफूहरूको सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । समारोह क्यामपस व्यवस्थापन समितिका अध्यक्ष गुञ्जबहादुर खड्काको अध्यक्षतामा सम्पन्न भएको हो ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत पनि प्राप्त हुनेछ। | तुला | परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम बिग्रन सक्छ। |
| बृष | दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। | वृश्चिक | अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| मिथुन | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। | धनु | बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर जुट्नेछ। |
| कर्कट | दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। | मकर | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। |
| सिंह | समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। | कुम्भ | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। |
| कन्या | अध्ययनमा राम्रो प्रगति हुनेछ। | मीन | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# सहिद भीमनारायण गोल्डकप : वीरगन्ज युनाइटेडद्वारा एपिएफ पराजित




**टक नेपाल**

वीरगन्ज । धनकुटामा जारी १५औँ सहिद भीमनारायण गोल्डकप फुटबल प्रतियोगितामा वीरगन्ज युनाइटेड क्लबले साविक विजेता सशस्त्र प्रहरी बलको एपिएफ क्लबलाई पराजित गरेको छ । वीरगन्जले एपिएफलाई टाइबेकरमा हराएको हो । निर्धारित खेल खेल २-२ गोलको बराबरीमा टुङ्गिएपछि वीरगन्जले टाइबेकरमा एपिएफलाई ४-१ गोल अन्तरले पराजित गरेको हो। जितसँगै वीरगन्ज युनाइटेड सेमिफाइनलमा प्रवेश गरेको छ। खेलको पहिलो हाफको २३औँ मिनेटमा वीरगन्जका नीरज थापाले गोल गर्दै आफ्नो टोलीलाई अग्रता दिलाएका थिए । त्यसपछि खेलको दोस्रो हाफमा वीरेन्द्र प्रसाद यादवले रेडकार्ड पाएपछि एपिएफ १० खेलाडीमा सिमित बनेको थियो । आक्रामक शैलीमा उत्रिएको एपिएफका तर्फबाट खेलको ६३औँ मिनेटमा सन्तोष कटवालले गोल गर्दै खेललाई १-१ को बराबरीमा पुर्‍याएका थिए। खेलको ८४औँ मिनेटमा प्रवीनकुमार स्याङदेनले थप एक गोल गर्दै एपिएफलाई २-१ गोलको अग्रता दिलाए। वीरगन्जका विवेक चौधरीले खेलको ८६औँ मिनेटमा गोल गरेपछि खेल बराबरीको अवस्थामा पुग्यो। टाइबेकरमा वीरगन्जका तर्फबाट श्याम चौधरी, सिसस थापा, उमेश कार्की र नीरज थापाले गोल गरेका थिए। यस्तै एपिएफका तर्फबाट एकमात्र गोल प्रवीनकुमार स्याङ्देनले गरे। प्रतियोगिता अन्तर्गत आइतबार पेमा युवा क्लब विराटनगर र प्लानिङ ब्वाइज क्लब काठमाडौँबीच समिफाइनल खेल हुनेछ । पेमाले आयोजक धनकुटालाई टाइबेकरमा हराउँदै तथा प्लानिङ ब्वाइजले भारत, सिलिगुडीको कञ्चनजङ्घा फुटबल क्लबलाई हराउँदै सेमिफाइनलमा प्रवेश गरेका हुन् ।




# एमालेले हरेक वडामा तीन........

उहाँका अनुसार कार्ययोजनाअनुसार पार्टी सदस्यता शुद्धीकरण अझ व्यापक बनाइने छ । एमाले आगामी जेठदेखि चैतसम्म कार्ययोजनाअनुसार सङ्गठन विस्तार र शुद्धीकरण अभियान सञ्चालन गर्ने छ । एमाले असार १५ गतेसम्म जिल्ला कमिटीले पार्टी सदस्यता नवीकरण गर्ने र नवीकरण भौतिक उपस्थितिमा मात्र गर्ने जनाएको छ । नयाँ सदस्य र नवीकरण आगामी असार मसान्तसम्म प्रदेश कमिटीमार्फत विवरण केन्द्रमा पठाउने निर्देशन दिएको छ। यस्तै नवीकरण विवरणसँगै नवीकरण नभएका र सदस्यताबाट हटाउनेको नाम पनि पठाउने भनिएको प्रचार विभाग प्रमुख गुरुङले जानकारी दिनुभयो। अभियानअनुसार मिसन ५१ प्रतिशत पूरा गर्नका लागि प्रत्येकमा वडामा कुल मतदाता सङ्ख्याको तीन प्रतिशत पार्टी सदस्यता विस्तार गर्ने उहाँले बताउनुभयो । “पार्टी सदस्यता मतदाताको सङ्ख्याको औषतरूपमा सात प्रतिशत रहेको छ । तर कतिपय पालिकामा न्यून रहेकाले प्रत्येक वडामा कुल मतदाताको तीन प्रतिशत विस्तार गर्ने योजना रहेको छ”, उहाँले भन्नुभयो। मिसन ग्रासरुट अभियानका क्रममा कतिपय कमिटी भद्दा भएर बैठक बस्दा गणपूरक सङ्ख्या पनि नपुगको देखिएको कमिटीलाई सानो बनाउने निर्णय गरेको छ । पार्टीले कमिटीमा रहेर बिनाकारण तीनपटक अनुस्थित हुनेलाई कमिटीबाट बिदा गर्ने र खाली भएका कमिटीमा नयाँ सदस्य नथप्न पनि निर्देशन दिएको उहाँले बताउनुभयो। “बैठकमा आउने काम गर्न नदिन, ती कमिटीमा रहेकाको सुधार नभए कमिटीबाट बिदा गर्ने निर्णयसमेत गरेको छ”, उहाँले भन्नुभयो, “मिसन ग्राससरुट अभियान जिम्मेवारी तोकिएको पूरा नगर्ने र कुनै जानकारी नदिई अनुपस्थिति हुनेलाई सम्बन्धित कमिटीले स्पष्टीकरण सोध्ने निर्णयसमेत गरिएको छ ।

**प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने**

एमालेले पार्टीका नेता तथा कार्यकर्ताका लागि वैचारिक र राजनीतिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ। प्रशिक्षण कार्यक्रम पार्टी स्कुल विभागले तयार पारेको पाठ्यक्रमका आधारमा सञ्चालन गर्नेछ । एमालेका उपमहासचिवसमेत रहनुभएका नेता गुरुङका अनुसार उच्च प्रशिक्षण केन्द्रीय कमिटी र मध्यम प्रशिक्षण प्रदेश कमिटी र आधारभूत प्रशिक्षण जिल्ला कमिटीलाई दिइने छ । प्रशिक्षण डिजिटलरूपमा पार्टीको ‘एक्सन रुम’बाट गरिने छ।

**मङ्सिरमा पनि अभियान सञ्चालन**

एमाले प्रचार विभाग उपप्रमुख विष्णु रिजालले पार्टी सङ्गठन विस्तार गर्नका लागि आगामी मङ्सिरमा मध्यपडाडी लोकमार्ग तथा हुलाकी राजमार्ग केन्द्रित गरेर अभियान सुरु गर्ने जानकारी दिनुभयो ।

**छोराछोरी अभियान**

यस्तै छोराछोरीलाई पार्टीमा आबद्ध गर्नका लागि छोराछोरी अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । “हिजो बुवाआमा राजनीतिमा हुँदा छोराछोरी स्वतः राजनीतिमा आउने गर्दथे”, उहाँले भन्नुभयो, “तर आज बुवाआमा राजनीतिमा छन् भने छोराछोरी राजनीतिमा नआउने प्रवृत्ति विकास भएको छ । के कारणले छोराछोरी यो भइरहेको छ। हामीले आफ्नो परिवारमा पनि राजनीतिक प्रशिक्षण गर्न सकिरहेका छैनौँ भनेर छोराछोरी अभियान सञ्चालन गर्न गइरहेका छौँ।”

**पार्टी गतिविधि पार्टी कार्यालयबाट**

एमालेले पार्टीका सबै गतिविधि सबै कार्यक्रम पार्टी कार्यालयमा केन्द्रित गर्ने निर्णय गरेको छ । पार्टीको संस्थागत विकासमा सहयोग पुर्‍याउनका लागि वडादेखि केन्द्रसम्म सबै पार्टीको गतिविधि पार्टी कार्यालयबाट गर्ने निर्णय गरेको नेता रिजालले जानकारी दिनुभयो । पार्टीका जिम्मेवार नेताहरू पार्टी कार्यालयमा नियमितरूपमा उपस्थिति हुने गरी केन्द्रदेखि वडा कार्यालयबाट पार्टीका गतिविधि गर्ने निर्णय गरेको उहाँ बताउनुभयो । यही वैशाख २८ गतेदेखि सुरु भएको पाँचौँ केन्द्रीय कमिटी बैठक आज सकिएको छ। बैठकमा विभिन्न १० कार्यसूची रहेका थिए ।






## पालिका उपाध्यक्षको चलाखी-

# ससुराको गाडी भाडामा देखाएर मासिक १ लाख २० हजार बुझ्दै

**टक नेपाल**

ज्नकपुरधाम । सिरहाको नवराजपुर गाउँपालिकाकी उपाध्यक्ष पुनम कुमारी यादवले ससुराको गाडी भाडामा देखाएर मासिक लाखौं रुपैयाँ बुझ्दै आएको खुलेको छ । उपाध्यक्षमा निर्वाचित भए लगत्तै यादवले गाउँपालिकाको सरकारी नम्बर प्लेट भएको मोटरसाइकल पाइन् । उनी सोही मोटरसाइकल प्रयोग गर्छिन् । मोटरसाइकल चढ्दा लाग्ने पेट्रोल पनि उनलाई गाउँपालिकाले उपलब्ध गराउँदै आएको छ । तर पनि उनी प्र २-०१-००१ च ०४५७ नम्बरको चार पाङ्ग्रे गाडी भाडामा लिएकी छन् । उक्त चार पाङ्ग्रे गाडी भने उनी चढ्ने गरेकी छैनन् । तर उनी मासिक १ लाख २० हजार रुपैयाँ बुझ्दै आएकी छन् । उनी भाडामा लिएको गाडी नवराजपुर गाउँपालिका ५ का तेजीलाल यादवको नाममा छ । तेजीलाल उपाध्यक्ष यादवकी ससुरा हुन् । उक्त गाडी भने उपाध्यक्ष यादवका जेठान वजिन्द्र प्रसादले गाउँघरमा भाडामा लगाउने रुपैयाँ कमाउँछन् । वजिन्द्रले सोही गाडी बिहेवारि र अन्य कामका लागि सर्वसाधारणलाई भाडामा समेत दिने गर्छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज किशोर साहले कार्यपालिकाको निर्णय अनुसार ०७९ भदौ १ देखि गाडी भाडामा लिएर उपाध्यक्ष यादवलाई चढ्न दिएको बताए । उनले दिएको जानकारी अनुसार उपाध्यक्षका लागि चार पाङ्ग्रे गाडी भ्याटसहित मासिक १ लाख २० हजार बुझाउने गरी पालिकाले भाडामा लिएको छ । उपाध्यक्षले चार पाङ्ग्रे गाडी बाहेक पालिकाको एउटा मोटरसाइकल पनि राखेकी छन् । अधिकृत साहका अनुसार उपाध्यक्ष यादवलाई चार पाङ्ग्रे गाडीका लागि १ सय लिटर डिजेल र मोटरसाइकलका लागि १०-१५ लिटर पेट्रोल पालिकाले उपलब्ध गराउँछ । इन्धन प्रदेश सरकारले तोकेको मापदण्ड अनुसार बुझ्ने गरेकी छन् । यता, उपाध्यक्ष यादवले पनि पालिकाबाट मोटरसाइकल र चार पाङ्ग्रे गाडी सुविधा लिएको स्वीकार गरेकी छन् । उनले आवश्यकता अनुसार दुवै गाडी प्रयोग गर्ने गरेको बताइन् । चार पाङ्ग्रे गाडी त तपाईंको आफ्नै हो ? भन्ने जिज्ञासामा उनले भनिन्, 'गाउँपालिकाले भाडामा लिएर आफूलाई चढ्न दिएको चार पाङ्ग्रे गाडी विषयमा बुझ्नु छ भने पालिकामा आएर कुरा गर्नुस् । म अहिले छलफलमा छु ।'




# किसानलाई अनुदानमा कृषि उपकरण वितरण

**टक नेपाल**

काठमाडौं । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोती नगरपालिकाले किसानलाई अनुदानमा कृषि उपकरण वितरण गरेको छ । नगर पालिकाले नगरभित्र रहेर व्यावसायिकरूपमा कृषि पेसा गर्दै आएका किसानलाई अनुदानमा कृषि उपकरण वितरण गरेको हो । कावासोती नगरपालिकाभित्र रहेका २२ वटा कृषक समूहमार्फत किसानका लागि विभिन्न प्रकारका कृषि उपकरण वितरण गरिएको कृषि शाखा प्रमुख शिव नारायण कुमालले बताउनुभयो । नगरपालिकामा रहेका कृषि सहकारी, कषक समूह, फार्मलगायतमार्फत व्यावसायिकरूपमा कृषि पेसा गर्दै आएका किसानलाई कृषि उपकरण वितरण गरिएको शाखा प्रमुख कुमालले बताउनुभयो ।

-बाँकी पृष्ठ २ मा


## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी (मधेश प्रदेश), नेपाल

**बोलपत्र /शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

प्रकाशित मिति : २०८०/०१/३१

यस कार्यालयद्वारा तपशिलका निर्माण कार्य खरिदका लागि मिति २०७९/१२/२० तथा २०८०/०१/०४ गतेको टक नेपाल रास्ट्रीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र एवं शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार म्याद भित्र यस मनरा शिसवा नगरपालिका,नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भएका सम्पूर्ण बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता/दरभाउपत्रदाताहरुको बोलपत्र/दरभाउपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

तपशिलः-

| क्र.स. | ठेक्कान. | कार्यको विवरण | छनौट भएका बोलपत्रदाता /दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पी.एस बाहेक ) |
|---|---|---|---|---|
| १ | Mun/Manara/Works/NCB/14/2079/80 | श्री जनता मा.वि. कटैया भवन निर्माण ,मनरा शिसवा न.पा -५ | श्री जानकी कन्स्ट्रक्सन मनरा शिसवा न.पा-५ | २९,७५,३४८.३९ |
| २ | Mun/Manara/Works /NCB/15/2079/80 | श्री जनता मा.वि सोनौल भवन निर्माण मनरा शिसवा न.पा -३ | श्री सुरुज कन्स्ट्रक्सन जलेश्वर-२ | ३८,२९,६१२.४२ |
| ३ | Mun/Manara/Works /NCB/16/2079/80 | श्री चुल्हाई माया आ.वि. सरपल्लो भवन निर्माण मनरा शिसवा न.पा -६ | श्री ओम कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी जनकपुरधाम ८ धनुषा | २५,२९,४०३.८९ |
| ४ | Mun/Manara/Works /NCB/17/2079/80 | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय बथनाहा मुसहरी टोल भवन निर्माण,मनरा शिसवा न.पा.९ | श्री जानकी कन्स्ट्रक्सन मनरा शिसवा न.पा-५ | २६,१७,७६४.८७ |
| ५ | Mun/Manara/Works /NCB/18/2079/80 | श्री जन एकता आधारभूत विद्यालय सानो कट्टी मनरा शिसवा न.पा .-५ | श्री केशव कन्स्ट्रक्सन जनकपुर १० | २६,२२,३५८.५३ |
| ६ | Mun/Manara/Works /SQ/6/2079/80 | वडा नं २ मा शंकर मन्दिर निर्माण कार्य | श्री बैदेही निर्माण सेवा जलेश्वर ९ | १६,५७,८२७.०८ |

प्रमुख प्रशासकीय अधिकृत



अनलाईन सेवा
अर्जेन्ट फोटो
टाइपिङ प्रिन्टिङ
फोटोकपी लेमिनेशन
## न्यु इशिका कम्युनिकेशन
एण्ड फोटो स्टुडियो
9804804700 & 9844697459
गौशाला नगरपालिका-१०, वडा कार्यालय अगाडी
फोटो फ्रेमिङ
ID Card/ Lamination
स्टाम छाप
प्रमाणपत्र डिजाइन



"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

**LIVER FUNCTION TEST**
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

**WHOLE BODY CHECKUP**
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

**CARDIAC PROFILE**
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

**DIABETS PACKAGE**
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com